# नेपाल गजेट

## भाग ४

नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं फाल्गुण ६ गते २०१४ साल

### पब्लिक सर्भिस कमिशनको विज्ञापन नं. ९०

शिक्षासचिवालय-अन्तर्गत पद्मकन्या हाई स्कूललाई एकजना हाईस्कूल शिक्षक चाहिएको छ। योग्य उमेदवारहरूले प. स. क. दरखास्त फाराम नं. १ (२०१०) मा आफ्नो विवरण स्पष्ट भरी फी दस्तुर मो. रु १। सहित २०१४ साल चैत्र २८ गते रोज ५ सम्ममा तलको ठेगानामा पुग्ने गरी दरखास्त गर्नु हुनेछ। फी दस्तुर नभएका र म्याद नाघी दाखिल भएका दरखास्तउपर कुनै विचार हुनेछैन। दरखास्त फारामको नमूना प्रत्येक नेपाली हुलाक, गढी, गौंडा र गोस्वाराहरूमा पनि पाइन्छ।

पदको विवरण यस प्रकार छः-

१. पदः- हाईस्कूल शिक्षक, स्थायी तथा पेन्सन पाइने।

२. आवश्यक न्यूनतम योग्यताः- बी. ए. पास भई अंग्रेजीमा निपुण।



252

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. वाञ्छनीय योग्यताः- पहिला वा दोश्रा श्रेणीमा पास भएकालाई प्राथमता दिने।

४. मासिक तलबको स्केर र भत्ताः-तलब मोरु १०५। देखि २००, महँगी भत्ता मोरु १० ।

५. अभ्यास (प्रोवेशन) अवधि ।

६. काम ।

आज्ञाले—
खड्गमान मल्ल.
सेक्रेटरी—पब्लिक सर्भिसकमिशन.
सिंहदरवार काठमाडौं, नेपाल

## पब्लिक सर्भिस कमिशनको विज्ञापन नं. ९१

कृषि सचिवालय-अन्तर्गत कृषिविभाग भेटेरिनरी अस्पताल काठमाडौं-लाई तीनजना घुमुवा कम्पाउण्डर चाहिएको छ। योग्य उमेदवारहरूले प. स. क. दरखास्त फोराम नं. १ (२०१०) मा आफ्नो विवरण स्पष्ट भरी फी दस्तुर मोरु१। सहित २०१४ साल चैत्र २६ गते रोज ६ सम्ममा तलको ठेगानामा पुग्ने गरी दरखास्त गर्नु होला । फी दस्तुर नभएका र म्याद नाघी दाखिल भएका दरखास्तउपर कुनै विचार हुनेछैन । दरखास्त फारामको नमूना प्रत्येक नेपाली हुलाक, गढी, गौंडा र गोश्वाराहरुमा पनि पाइन्छ ।

पदको विवरण यस प्रकार छः-

१. पदः- घुमुवा कम्पाउण्डर, स्थायी तथा पेन्सन पाइने।

२. आवश्यक न्यूनतम योग्यताः-भेटेरिनरी कम्पाउण्डर पास।

३. वाँछनीय योग्यताः- भेटेरिनरीमा अनुभव ।

४. मासिक तलबको स्केल र भत्ताः-तलब मोरु ४५। देखि ८०। महँगी भत्ता मोरु १० ।

५. अभ्यास (प्रोवेशन) अवधिः—

६. कामः-

आज्ञाले—
खड्गमान मल्ल,
सेक्रेटरी—पब्लिक सर्भिसकमिशन.
काठमाडौं, सिंहदरवार नेपाल,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

258

## पब्लिक सर्भिस कमिशनको विज्ञापन नं. ९२

शिक्षासचिवालय-अन्तर्गत पद्मकन्या हाइस्कूललाई एकजना प्राइमरी शिक्षक चाहिएको छ। योग्य उमेदवारहरूले प. स. क. दरखास्त फाराम नं. १ (२०१०) मा आफ्नो विवरण स्पष्ट भरी फी दस्तुर मो. रु. १। सहित २०१४ साल चैत्र २८ गते रोज ५ सम्ममा तलको ठेगानामा पुग्ने गरी दरखास्त गर्नु होला। फी दस्तुर नभएका र म्याद नाघी दाखिल भएका दरखास्तउपर कुनै विचार हुनेछैन। दरखास्त फारामको नमुना प्रत्येक नेपाली हुलाक, गढी, गौंडा र गोस्वाराहरूमा पनि पाइन्छ।

पदको विवरण यस प्रकार छः—

१. पद :— प्राइमरी शिक्षक, स्थायी तथा पेन्सन पाइने।

२ आवश्यक न्यूनतम योग्यताः— म्याट्रिक पास।

३. वाञ्छनीय योग्यता :— पहिला वा दोस्रा श्रेणीमा पास भएका र महिला उमेदवारलाई प्राथमिकता दिने।

४. मासिक तलबको स्केल र भत्ता:— तलब मो. रु. ५०। देखि ८० महँगी भत्ता मो. रु. १०।

५. अभ्यास (प्रोबेशन) अवधिः— ×

६. कामः— ×

आज्ञाले-
खड्गमान मल्ल.
सेक्रेटरी — पब्लिक सर्भिस कमिशन
सिंहदरबार काठमाडौं, नेपाल.

## पब्लिक सर्भिसकमिशनको विज्ञापन नं. ९३

शिक्षासचिवालय—अन्तर्गत डिभिजनल ईन्सपेक्टर स्कूल्स अफिस डोटी-लाई दुइजना जूनियर क्लर्क चाहिएको छ। योग्य उमेदवारहरूले प.स.क. दरखास्त फाराम नं. १ [२०१०] मा आफ्नो विवरण स्पष्ट भरी फी दस्तुर मो.रु. १। सहित २०१४ साल चैत्र २७ गते रोज ४ सम्ममा तलको ठेगानामा पुग्ने गरी

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

दरखास्त गर्नु होला। फी दस्तुर नभएका र म्याद नाघी दाखिलभएका दरखास्त उपर कुनै विचारहुनेछन। दरखास्त फारामको नमूना प्रत्येक नेपाली हुलाक, गढी, गौंडा र गोस्वाराहरुमा पनि पाइन्छ।

पदको विवरण यसप्रकार छ:-

१. पद:- जूनियर क्लर्क, स्थायी तथा पेन्सन नपाइने।

२. आवश्यक न्यूनतम योग्यता:- एस्.एल्.सी.वा सो सरह अथवा नेपाली मध्यम।

३. वांछनीय योग्यता:—अंग्रेजी जान्ने र स्थानीय व्यक्तिलाई प्राथमिकता दिने।

४. मासिक तलबको स्केल र भत्ता:- तलब मो.रु. ३५। देखि ६०। महंगी भत्ता मो.रु. १०।

५. अभ्यास (प्रोबेशन) अवधि:—

६. काम:-

आज्ञाले—
खड्गमान मल्ल,
सेक्रेटरी—पब्लिकसर्भिसकमिशन.
सिंहदरबार काठमाडौं, नेपाल

## पब्लिक सर्भिस कमिशनको विज्ञापन नं. ८० को सूचना

विभिन्न सचिवालय--अन्तर्गत रही काम गर्न डेभलपमेन्ट अफिसर, प्रचार अफिसर र अडिट अफिसर पदमा उमेदवार चाहिन्छ भनी २०१४।६।२३ र का पत्रसाथ रेडियो नेपाल र गोरखापत्र इत्यादिबाट सूचना प्रसारित र प्रकाशित गरिएको थियो।

हाल सो पदहरूका निमित्त चाहिने न्यूनतम शैक्षिक योग्यता विषयक सूचना योजना विकास सचिवालयबाट २०१४।१०।२७।१ मा प्राप्त भएकोले सो र दरखास्त प.स.क. मा पुग्नुपर्ने आखिरी मिति एवं परीक्षा हुने स्थान इत्यादिको सूचना तल क्रमैसित दिएको छ।

१. न्यूनतम तथा वांछनीय शैक्षिक योग्यता:-

ग्याजेटेड पदका निमित्त:—न्यूनतम- ग्राजुएट वा सो सरह,
वांछनीय-- एम. ए. वा सो सरह, डेभलपमेन्ट अफिसरलाई अर्थ शास्त्र लिई पास गरेको।

आधिकारिक मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

ननग्याजेटेड पदका निमित्तः— न्यूनतम-इन्टरमिडियट वा सोसरह,
बांकिंग - अडिट अफिसर पदको निमित्त हिसाब लिई पास गरेको, कमर्स समेत भए झन् असल।

२· दरखास्त प· स· क· मा पुग्नुपर्ने आखिरी मितिः— २०१४ फागुन १३ गते रोज २ को ५ बजेसम्म।

३· फीः— ग्याजेटेडलाई मो· रु· ३ र ननग्याजेटेडलाई मो· रु· १। ५०

४· लिखित परीक्षा मिति र समयः— ग्याजेटेड ननग्याजेटेड दुवैथरी पदका निमित्त

प्रथमपत्र-२०१४।११।१५।४, समय १ बजेदेखि ४ बजेसम्म।

द्वितीयपत्र-२०१४।११।१६।५, समय १ बजेदेखि ४ बजेसम्म।

तृतीय पत्र २०१४।११।१७।६, समय १ बजेदेखि ४ बजेसम्म।

उपरोक्त लिखित परीक्षाका निमित्त उमेदवारहरूले आफ्नै तर्फबाट कलम मसीको प्रबन्ध मिलाई पहिलो दिन १२।४५ बजेमा र अरू दिन यथासमयमा सरस्वती-सदनमा उपस्थित हुनुपर्छ।

आज्ञाले—
खड्गमान मल्ल,
सेक्रेटरी-पब्लिक सर्भिसकमिशन.
सिंहदरबार काठमाडौं, नेपाल.

---

गोरखापत्र छापाखानामा मुद्रित। मेनेजर प्रेमराज शर्मा,

मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।